लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही,दाङ

५ न. प्रदेश नेपाल


१५. शैक्षिक सत्रको सुरुवातमा नै विद्यालयको तह अनुसारको संयोजक, विषय शिक्षक र कक्षा शिक्षक तोकी लिखित जिम्मेवारी प्रदान गर्ने ।

१६. अतिरिक्त क्रियाकलाप, सरसफाइ, परीक्षा, अनुशासन लगायत विभिन्न उपसमितिको गठन गरी जिम्मेवारी प्रदान गर्ने र हरेक गतिविधिको अभिलेखीकरण गर्ने ।

१७. हरेक दिन विद्यालयमा हुने प्रार्थना समयमा विद्यार्थी अनुशासन, विद्यार्थी पोशाक र सरसफाइ जस्ता कुरालाई हेरी सल्लाह सुझाव प्रदान गर्ने । शिक्षक तथा कर्मचारीहरु विद्यालय समयमा अनिवार्य रुपमा विद्यालय पोशाकमा रहने व्यवस्था मिलाउने ।

१८. शिक्षक, कर्मचारी एवं विद्यार्थीहरु विद्यालयमा पुगिसक्नु पर्ने समयको निश्चित र पालनामा कडाइ गर्ने ।

१९. विद्यालयमा जंकफुड निषेध गर्ने र नजिकको स्वास्थ्य केन्द्रसंगको समन्वयमा ६।६ महिनामा विद्यार्थीको स्वास्थ्यजाँचको व्यवस्था मिलाउने ।

२०. शिक्षक, कर्मचारी र विद्यार्थीहरुको त्रीपक्षीय सहकार्यमा विद्यालय हाता पूर्ण सरसफाइयुक्त एवं **फूल संसार- संस्कार**लाई स्थापित गर्ने ।

२१. आधारभूत तहका विद्यार्थीहरुलाई क्यालकुलेटर प्रयोगमा रोक लगाउने ।

२२. कक्षा १ मा भर्ना भएका बालबालिकाहरुलाई हरेक दिन नयाँ कुरा सिकाउने परिपाटिको विकास गर्ने ।

२३. विद्यालय अनुगमनको लागि अभिभावक सहितको टिम गठन गर्ने ।

२४. विद्यार्थीको अभिभावकसंग नियमित सम्पर्क र समन्वय गर्ने ।

२५. कक्षाकोठालाई सिकाइमैत्री बनाउने, छापामय कक्षाकोठा व्यवस्थापन गर्ने ।

२६. शिक्षकले कक्षा कोठामा मोबाइल फोन प्रयोग गर्ने कार्य निषेध गर्ने ।

२७. माध्यमिक तहका विद्यालयहरुले अनिवार्य र आधारभूत तहका विद्यालयले सम्भव भएसम्म कुनै पनि पत्र कम्प्यूटराइज्ड गरी प्रयोगमा ल्याउने ।

२८. विद्यालयको लेखा प्रणालीको व्यवस्थापन र अभिलेखीकरण लेखा व्यवस्थापन तालिममा सिके बमोजिम व्यवहारमा ल्याउने ।

२९. विद्यालयले गरेका राम्रा अभ्यासहरुको अभिलेखीकरण गरी यस कार्यालयमा जानकारी गराउने ।

लमही नगरपालिकाको यस सत्प्रयासमा सहयोग र सदभावपूर्ण स्विकारोक्ती सहित सकारात्मक मापनीय उपलब्धि प्रदर्शन र प्रस्तुत गर्ने विद्यालयहरुलाई आगामी आर्थिक वर्षमा शैक्षिक उन्नयका लागि उपलब्ध हुने आर्थिक अनुदान सहयोगमा विशेष शैक्षिक गुणस्तर प्रवर्धनात्मक कार्यक्रमको बजेट विनियोजन गरिने र शैक्षिक वातावरणको सुधार प्रयासका लागि प्रतिवद्ध नरहने विद्यालयहरु प्रति प्रोत्साहन बजेट विनियोजन कार्यक्रममा शैक्षिक गुणस्तरलाई आधार बनाई सम्वोधन गरिने छ । यसका अतिरिक्त तत्तत् विद्यालयहरुको शैक्षिक प्रशासनलाई थप अनुसाशित एवं मर्यादित बनाउन आवश्यक रणनैतिक उपचारका विधि समेत अवलम्वन गरिने व्यहोरा सादरपूर्वक जानकारी गराइएको छ ।

कुल बहादुर केसी
नगर प्रमुख एवं
अध्यक्ष, नगर शिक्षा समिति, लमही

कुल बहादुर खत्री क्षेत्री,
नगर प्रमुख

बोधार्थ: श्री अध्यक्ष ज्यू, लमही नगरपालिका वडा नं .... को कार्यालय दाङ ।